कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर,बाँके

Google Plus Code

5MXQ+5CJ Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८१०८/२ )शिक्षा तथा खेलकुद शाखा(

च.नं. ९३४

मिति : २०८१/१०/१८

विषयः तालिमका लागि सहभागी प्रस्ताव गरी पठाउने सम्बन्धमा।

श्री सम्बन्धित सबै युवा तथा सरोकारवालाहरू !

कोहलपुर नगरपालिका, कोहलपुर – बाँके।

प्रस्तुत विषयमा नेपाल सरकार तथा स्विजरल्याण्ड सरकारको साझेदारीमा कोहलपुर नगरपालिका दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (ENSSURE) दोस्रो चरण अन्तरगत आ. व. २०८१/०८२ मा यस कोहलपुर नगरपालिकाले तपसिल बमोजिमको विषयमा कार्यगत अभ्यास सहितको (Training with OJT) १० महिने (१६९६ घन्टे) CTEVT अन्तरगतको तह २ को तालिम संचालन गर्नु पर्ने भएकाले मिति २०८१/०९/२१ गतेको कार्यालयको निर्णय अनुसार तपसिल बमोजिमको प्रावधान पुरा गरेका इच्छुक बेरोजगार युवाहरूका लागि **मिति २०८१/१०/०७** गतेसम्म निवेदन माग गरिएकोमा पर्याप्त निवेदन पेश हुन नआएकोले पुन: २०८१ माघ मसान्त भित्र निवेदन पेश गर्नु हुन अनुरोध छ।

**तपसिल : संचालन गरिने तालिमहरू :**

| तालिम शीर्षक | आवश्यक संख्या | न्यूनतम योग्यता | कैफियत |
|---|---|---|---|
| १. Professional Cook (पेशागत कुक) | (२० जनाको लागि) | आधारभूत तहसम्म | |
| २. Professional Plumber (पेशागत प्लम्बर) | (२० जनाको लागि) | साधारण लेखपढ | |

**आवश्यक कागजात तथा प्रमाणहरू :**

- सहभागी हुन इच्छुक व्यक्तिले निर्धारित फाराम नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाबाट प्राप्त हुनेछ।
- प्रत्येक तालिमको लागि २०/२० जना सहभागी छनौट गरिनेछ। आवश्यकता अनुसार लघु सूची वा अन्तरवार्ता समेत संचालन गरिनेछ। कुनै कारणवश सहभागीले तालिम छोड्नु परेमा वैकल्पिकलाई प्रतिस्थापन गरिनेछ।
- सहभागी हुन चाहने व्यक्तिले बिचैमा तालिम नछोड्ने प्रतिवद्धता पत्र समेत पेश गर्नु पर्नेछ।
- सहभागीले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, उपलब्ध भएसम्म शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि तथा सम्बन्धित वडाको सिफारिस पेश गर्नु पर्नेछ। अन्य जिल्लाको नागरिकता हुने व्यक्तिको हकमा बसाइसराइको कागजात हुनु पर्नेछ।
- सहभागी १८ वर्ष पुरा गरी ३५ वर्ष (महिलाको हकमा ४० वर्ष) ननाघेको हुनु पर्नेछ।
- सहभागीहरू छनौट गर्दा महिला, दलित, गरिब, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत वर्ग तथा बेरोजगार युवाहरूलाई प्राथमिकतामा राखिनेछ ।
- नियमित अध्ययन गरिरहेका विद्यार्थीहरूलाई भन्दा बेरोजगार युवाहरूलाई प्राथमिकतामा राखिनेछ।

१०।१८

............................

रामबहादुर हमाल

शाखा प्रमुख/उपसचिव

बोधार्थ : कोहलपुर नगरपालिकाका सबै वडाकार्यालयहरू ! (सूचना टाँस गरी सहयोग गरिदिनु हुन ।)